श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. २४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "विदेशी विनिमय (नियमित गर्ने) (पहिलो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १ मा संशोधनः विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा १ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र नेपालबाहिर रहे बसेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सबै नेपाली नागरिकहरू तथा नेपाल अधिराज्यमा दर्ता भएका कम्पनी, सङ्गठित संस्था वा फर्मका नेपालबाहिर रहेका शाखाहरूलाई समेत लागू हुनेछ।"

३. मूल ऐनको दफा २ मा संशोधनः मूल ऐनको दफा (२) को,–

(१) खण्ड (ज) र (झ) को सट्टा देहायका खण्ड (ज) र (झ) राखिएका छन्:–

"(ज) "सुन" भन्नाले कानूनी रूपले प्रचलनमा भएको वा नभएको सिक्काको रूपमा रहेको सुन, शुद्धीकरण भएको वा नभएको सुनका ढिक्काहरू र पाताहरू तथा पूर्णतया वा मुख्यतया सुनबाट बनेका गहना र माल वस्तुहरूलाई समेत जनाउँछ।

(झ) "चाँदी" भन्नाले कानूनी रूपले प्रचलनमा भएको वा नभएको सिक्काको रूपमा रहेको चाँदी, शुद्धीकरण भएको वा नभएको चाँदीका ढिक्काहरू र पाताहरू तथा पूर्णतया वा मुख्यतया चाँदी-बाट बनेका गहना र माल वस्तुहरूलाई समेत जनाउँछ।"

(२) खण्ड (ठ) पछि देहायका खण्ड (ड), (ढ) र (ण) थपिएका छन्:–

"(ड) "अनुसन्धान अधिकारी" भन्नाले दफा ११क. बमोजिम तोकिएको अनुसन्धान अधिकारी सम्झनुपर्छ।

(ढ) "नेपालमा बसोबास गर्ने व्यक्ति" भन्नाले देहायका कुनै व्यक्ति सम्झनुपर्छ:–

(१) नोकरी, व्यापार वा अन्य कुनै व्यवसाय गरी वा अरू कुनै कामले तोकिएको भन्दा बढी अवधिको लागि नेपाल-बाहिर बसोबास गरिरहेका नेपाली नागरिक बाहेक अरू नेपाली नागरिक,

(२) नोकरी, व्यापार वा अन्य कुनै व्यवसाय गरी तोकिएको भन्दा बढी अवधिको लागि नेपालमा बसोबास गरिरहेका गैरनेपाली नागरिक।

(ण) "नेपालबाहिर बसोबास गर्ने व्यक्ति" भन्नाले नेपालमा बसोबास गर्ने व्यक्ति बाहेकको अन्य व्यक्ति सम्झनुपर्छ।"

४. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ:–

"४. विदेशी विनिमयमा कारोबार गर्नमा नियन्त्रणः (१) इजाजतपत्र प्राप्त व्यक्ति बाहेक अरू कुनै व्यक्तिले बैङ्कबाट स्वीकृति नलिई इजाजतपत्र प्राप्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्ति बाहेक अरू कुनै व्यक्तिसंग विदेशी विनिमय खरिद गर्न, सापट लिन, भुक्तानी लिन, सटही गरी लिन वा निजबाट कुनै तरिकाले प्राप्त गर्न वा निजलाई बिक्री गर्न, सापट दिन, भुक्तानी दिन, सटही गरी दिन वा कुनै तरिकाले हक छोडी दिन हुँदैन ।

तर श्री ५ को सरकारले आदेश जारी गरी कुनै सेवा प्रदान गरे वापत वा सोही आदेशमा तोकिएको अवस्थामा विदेशबाट प्राप्त विदेशी विनिमयको भुक्तानी लिनमा यो नियन्त्रण लागू नहुने गरी छुट दिन सक्नेछ । सम्बन्धित व्यक्तिले यसरी प्राप्त भएको विदेशी विनिमय सो प्राप्त गरेको साठी दिनभित्र इजाजत प्राप्त व्यक्तिसंग वा बैङ्कमा सटही गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त व्यक्ति वा अरू जुनसुकै व्यक्तिले बैङ्कले तोकिदिएको सटही दरमा फरक पारी नेपाली मुद्रा दिई विदेशी मुद्रा लिन र विदेशी मुद्रा दिई नेपाली मुद्रा लिने गरी विदेशी विनिमयको कारोवार गर्न हुँदैन ।

(३) कुनै व्यक्तिले कुनै खास उद्देश्यको लागि वा कुनै शर्तमा विदेशी विनिमय प्राप्त गरेको भए सो व्यक्तिले त्यस्तो विदेशी विनिमय अन्य काममा लगाउन वा उक्त शर्त उल्लङ्घन गर्नु हुँदैन । त्यसरी प्राप्त गरेको विदेशी विनिमय सम्बन्धित काममा लगाउन नसकिने भएमा वा सो शर्त पूरा गर्न नसकिने भएमा निजले आफूलाई सो कुराको जानकारी भएको मितिले तीस दिनभित्र इजाजतपत्र प्राप्त व्यक्ति वा बैङ्कलाई त्यस्तो विदेशी विनिमय बैङ्कद्वारा निर्धारित दरमा बिक्री गर्नु पर्नेछ ।

(४) कुनै व्यक्तिले नेपाल अधिराज्यभित्र कुनै वस्तु आयात गर्नको लागि विदेशी विनिमय प्राप्त गरेकोमा निजले मनासिव माफिकको अवधिभित्र त्यस्तो वस्तु आयात नगरेमा वा त्यसरी प्राप्त गरेको विदेशी विनिमयको मूल्य बराबरको वस्तु आयात नगरेमा निजले त्यसरी प्राप्त गरेको विदेशी विनिमय सो काममा लगाउन नसकेको वा सो शर्त पूरा गर्न नसकेको मानिनेछ ।"

५. मूल ऐनमा दफा ४क. थप: मूल ऐनको दफा ४ पछि देहायको दफा ४क. थपिएको छः–

"४क. विदेशी विनिमय राख्नमा नियन्त्रणः बैङ्कबाट इजाजत लिएकोमा बाहेक नेपालमा बसोबास गर्ने कुनै पनि व्यक्तिले आफूले कुनै किसिमबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८४

प्राप्त गरेको तोकिएको विदेशी विनिमय सो प्राप्त भएको मितिले तीस दिन-भित्र इजाजतपत्र प्राप्त व्यक्ति वा बैङ्कलाई बैङ्कद्वारा निर्धारित दरमा बिक्री गर्नु पर्नेछ ।

तर श्री ५ को सरकारले आदेश जारी गरी कुनै विदेशी विनिमयको हकमा सोही आदेशमा तोकिदिएको रकमको हदसम्मको लागि यो नियन्त्रण लागू नहुने गर्न सक्नेछ ।"

६. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को,–

(१) उपदफा (१) मा रहेका "नेपाली वा विदेशी करेन्सी नोट वा बैङ्क नोट वा सिक्का" भन्ने शव्दहरूको सट्टा "नेपाली मुद्रा वा विदेशी मुद्रा" भन्ने शव्दहरू र सोही उपदफामा रहेका "करेन्सी, नोट, बैङ्क नोट वा सिक्काको" भन्ने शव्दहरूको सट्टा "नेपाली मुद्रा वा विदेशी मुद्राको" भन्ने शव्दहरू राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "नेपाली करेन्सी नोट, बैङ्क नोट वा मुद्रा" भन्ने शव्दहरूको सट्टा "नेपाली मुद्रा" भन्ने शव्दहरू राखिएका छन् ।

(३) उपदफा (२) को अन्तमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर श्री ५ को सरकारले कुनै विदेशी विनिमयको हकमा त्यस्तो कुनै प्रतिबन्ध नलाग्ने गरी आदेश जारी गर्न सक्नेछ ।"

७. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ मा ठाउँ ठाउँमा प्रयोग भएका "नेपाली रुपैयाँ" भन्ने शव्दहरूको सट्टा "नेपाली मुद्रा" भन्ने शव्दहरू राखिएका छन् ।

८. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ मा रहेका "आफूले आवश्यक एवं उपयुक्त देखेको प्रतिबन्ध" भन्ने शव्दहरूको सट्टा "नियन्त्रण गर्न आवश्यक शर्त बन्देज" भन्ने शव्दहरू राखिएका छन् ।

९. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

१०. मूल ऐनमा दफा ९क., ९ख. र ९ग. थपः मूल ऐनको दफा ९ पछि देहायका दफा ९क., ९ख. र ९ग. थपिएका छन्:–

"९क. निकासी भएको मालसामानको मूल्य भुक्तानी प्राप्त गर्ने बारेः (१) निकासी-कर्ताले बैङ्कले तोकेको निकासी प्रज्ञापनपत्रमा उल्लेखित विवरणहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८५

भरी उक्त प्रज्ञापनपत्रमा घोषित मूल्य बैङ्कद्वारा स्वीकृत विदेशी विनिमयमा तोकिएको अवधिभित्र भुक्तानी ल्याउँछु भनी भन्सार अधिकृत समक्ष घोषणा गर्नुपर्नेछ ।

(२) निकासी गरिएको मालसामानको भुक्तानी प्राप्त गर्नु अघि प्रज्ञापनपत्रमा घोषित मूल्य भन्दा कम वा बढी मूल्य भुक्तानी हुने अवस्था परेमा निकासीकर्ताले सो कुराको प्रमाण सहित बैङ्क समक्ष आवेदन गर्नु पर्नेछ र उक्त कुरा पुष्टि भएमा बैङ्कले त्यस्तो कम वा बढी भुक्तानी प्राप्त गर्ने स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (१) अन्तर्गत तोकिएको अवधिभित्र निकासीकर्ताले निकासी गरिएको मालसामानको मूल्य भुक्तानी प्राप्त नगरेमा निजले यस ऐनको उल्लङ्घन गरेको मानिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निकासीकर्ताले उपदफा (१) अन्तर्गत तोकिएको अवधिभित्र निकासी गरिएको मालसामानको मूल्य भुक्तानी प्राप्त गर्न नसक्नाको मनासिव कारण खोली प्रमाण सहित बैङ्कमा निवेदन दिएमा र बैङ्क सो कुरामा विश्वस्त भएमा बैङ्कले सम्बन्धित निकासीकर्तालाई पुनः अवधि तोकी देहायको आदेश दिन सक्नेछः–

(क) मालसामान बिक्री भैसकेको भए त्यसको भुक्तानी ल्याउन,

(ख) मालसामान बिक्री भैनसकेको भए सो बिक्री गरी भुक्तानी ल्याउन वा त्यस्तो मालसामान नेपालमै फिर्ता ल्याउन ।

(५) प्रज्ञापनपत्रमा घोषित मूल्य तोकिएको अवधिभित्र तोकिएको तरिकाले भुक्तानी हुने व्यहोरा बैङ्कले प्रमाणित गराउन चाहेमा निकासी कर्ताबाट निजले विदेशी क्रेतासंग गरेको यस सम्बन्धी सम्झौतापत्र तथा अन्य प्रमाण पेश गर्न लगाउन सक्नेछ ।

(६) निकासी गरिएको मालसामानको पूरा मूल्य भुक्तानी प्राप्त हुने व्यवस्था गर्न बैङ्कले निकासी हुने सबै वा कुनै खास किसिमको मालसामान वा सबै वा कुनै खास निर्यातकर्ताको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्ने गरी आदेश जारी गर्न सक्नेछः–

(क) श्री ५ को सरकारले अन्यथा तोकेको अवस्थामा बाहेक


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
६८६०

निकासी गरिएका मालसामानहरूको भुक्तानी प्रतित-पत्रको माध्यमबाट वा बैङ्कले तोकेको अन्य माध्यमबाट मात्र प्राप्त गर्नु पर्ने,

(ख) उपदफा (१) बमोजिम प्रज्ञापनपत्रमा घोषित मूल्य नै निर्यातको वास्तविक मूल्य हो भनी प्रमाणित गराउन उक्त प्रज्ञापनपत्र बैङ्कले तोकेको अधिकारी वा संस्थामा पेश गर्नु पर्ने ।

९ख. निकासीकर्ताले गर्न नहुने कामः निकासीकर्ताले देहायको कुनै काम गर्नु हुँदैनः–

(क) तोकिएको तरिका बाहेक अरू तरिकाबाट निकासी भएका मालसामानको भुक्तानी प्राप्त गर्ने,

(ख) तोकिएको अवधि भन्दा ढिलाइ हुने गरी निकासी भएका मालसामानको भुक्तानी लिने व्यवस्था गर्ने,

(ग) निकासी भएको मालसामानको पूरा मूल्यको भुक्तानी प्राप्त नगर्ने कुनै काम गर्ने ।

९ग. भुक्तानी दिन वा प्राप्त गर्नमा प्रतिबन्धः बैङ्कको स्वीकृति नलिई नेपालमा बसोबास गर्ने कुनै पनि व्यक्तिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले देहायको कुनै काम गर्नु गराउनु हुदैनः–

(क) नेपालबाहिर बसोबास गर्ने कुनै व्यक्तिलाई कुनै तरिकाले कुनै किसिमको भुक्तानी दिन,

(ख) नेपालबाहिर बसोबास गर्ने कुनै व्यक्तिको पक्षमा भुक्तानी पाउने अधिकार सिर्जना हुने वा हस्तान्तरण हुने गरी कुनै विनिमयपत्र वा प्रतिज्ञापत्र खिच्न, स्वीकार गर्न वा नेगोसियट गर्न वा कुनै ऋण स्वीकार गर्न,

(ग) नेपालबाहिर बसोबास गर्ने कुनै व्यक्तिको आदेशले वा निजको तर्फबाट कुनै व्यक्तिलाई कुनै किसिमको भुक्तानी दिन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८६

११. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ को उपदफा (३) झिकिएको छ ।

१२. मूल ऐनमा दफा ११ पछि दफाहरू थपः मूल ऐनको दफा ११ पछि देहायका दफा ११क., ११ख., ११ग., ११घ., ११ङ., ११च., ११छ., ११ज., ११झ., र ११ञ. थपिएका छन्:–

"११क. अनुसन्धान अधिकारी तोक्नेः श्री ५ को सरकारले यस ऐन अन्तर्गतका कसूर सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्नको लागि अनुसन्धान अधिकारी तोक्न सक्नेछ ।

११ख. शंका लागेको व्यक्तिको खानतलासी लिनेः (१) यस ऐन विपरीत कुनै व्यक्तिसंग कुनै विदेशी विनिमय छ भनी शंका गर्नु पर्ने पर्याप्त कारण र आधार भएमा अनुसन्धान अधिकारीको आदेशले कम्तीमा राजपत्र अनंकित द्वितीय श्रेणीको कर्मचारीबाट त्यस्तो व्यक्तिको जिउको खानतलासी लिन सकिनेछ ।

तर कुनै स्वास्नीमानिसको खानतलासी लिंदा स्वास्नीमानिसद्वारा मात्र खानतलासी लिन लगाउनु पर्नेछ ।

(२) शंका लागेको व्यक्तिको खानतलासी लिंदा यस ऐन विपरीत कुनै विदेशी विनिमय वा सोसंग सम्बन्धित कुनै लिखत फेला परेमा त्यस्तो विदेशी विनिमय वा लिखत कब्जामा लिन सकिनेछ ।

(३) यस दफा बमोजिम खानतलासी लिंदा कम्तीमा दुईजना स्थानीय व्यक्तिहरू साक्षी राखी निजहरूको उपस्थितिमा खानतलासी लिनु पर्नेछ । खानतलासी लिंदा फेला परेको विदेशी विनिमय वा सोसंग सम्बन्धित लिखतको विवरण तयार गरी त्यसमा उपस्थित साक्षीहरूको समेत सहिछाप गराउनु पर्नेछ ।

११ग. सवारी रोक्ने र खानतलासी लिनेः (१) यस ऐन विपरीत कार्य गर्न कुनै सवारीको साधन प्रयोग गरिएको छ वा प्रयोग गर्न लागिएको छ वा यस ऐन विपरीत हुने गरी कुनै विदेशी विनिमय त्यसमा लुकाएको छ भन्ने शंका गर्नु पर्ने पर्याप्त कारण र आधार भएमा अनुसन्धान अधिकारीको आदेशले जुनसुकै बेला वा ठाउँमा त्यस्तो सवारीलाई रोक्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम रोकिएको सवारीको कुनै पनि भाग र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसमा रहेका मालसामानहरूको खान तलासी लिन वा जाँचबुझ गर्न सकिनेछ। त्यसरी खानतलासी लिंदा यस ऐन विपरीतको कुनै विदेशी विनिमय वा सोसंग सम्बन्धित कुनै लिखत फेला परेमा सो कब्जामा लिन सकिनेछ।

११घ. घर वा कारोवारको ठाउँको खानतलासी लिनेः (१) यस ऐन विपरीत कुनै विदेशी विनिमय कुनै घर वा कारोबारको ठाउँमा लुकाएको वा राखिएको छ भनी विश्वास गर्नु पर्ने पर्याप्त कारण र आधार भएमा अनुसन्धान अधिकारीले सो कुराको पर्चा खडा गरी उक्त घर वा कारोबारको ठाउँको खानतलासी लिन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेशानुसार खानतलासी लिंदा कम्तीमा राजपत्र अनंकित द्वितीय श्रेणीको कर्मचारीले गर्नु पर्नेछ।

(३) अनुसन्धान अधिकारीको आदेशानुसार खानतलासी लिन खटिएको कर्मचारीले खानतलासी लिनु पर्ने घर वा कारोबारको ठाउँमा तत्काल बसोबास गरिरहेका व्यक्तिलाई खानतलासी लिनुपरेको कारण समेत खोली सूचना दिनु पर्नेछ। सम्बन्धित व्यक्तिले त्यस्तो सूचना नबुझेमा सो सूचनाको एक प्रति खानतलासी लिनु पर्ने घर वा कारोबारको ठाउँको सबैले देख्ने स्थानमा टाँसी दिनु पर्नेछ। सूचना टाँस भएपछि सम्बन्धित व्यक्तिले खानतलासीको सूचना पाएको मानिनेछ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना दिएपछि खानतलासी लिन खटिएका कर्मचारीलाई घर वा कारोबारको ठाउँमा खानतलासी लिन दिनु पर्नेछ।

(५) खानतलासी लिनजाँदा सम्बन्धित व्यक्तिले बाधा विरोध गरेमा खानतलासी लिन खटिएका कर्मचारीले खानतलासी लिनु पर्ने घर वा कारोबारको ठाउँमा बसिरहेका व्यक्तिहरूलाई हट्न सूचना र मौका दिनु पर्नेछ। यसरी हट्ने मौका दिंदा दिंदै पनि नहटेमा आवश्यक बल समेत प्रयोग गरी खानतलासी लिनु पर्ने घर वा कारोबारको ठाउँको बाहिरी वा भित्री ढोका झ्याल वा छेस्किनी खोली वा फोरी कुनै पनि समयमा खानतलासी लिन सकिनेछ।

(६) खानतलासी लिंदा यस ऐन विपरीत कुनै विदेशी विनिमय वा त्यससंग सम्बन्धित लिखत फेला परेमा त्यस्तो विदेशी विनिमय वा लिखत कब्जामा लिन सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) यस दफा बमोजिम खानतलासी लिंदा कम्तीमा दुईजना स्थानीय पञ्चहरू साक्षी राखी निजहरूको उपस्थितिमा खानतलासी लिनु पर्नेछ । खानतलासी लिंदा फेला परेका यस ऐन विपरीतको कुनै विदेशी विनिमय वा त्यससंग सम्बन्धित लिखतको विवरण तयार गरी त्यसमा उपस्थित साक्षीहरूको समेत सहिछाप गराउनु पर्नेछ ।

११ङ. पक्राउ गर्नेः (१) कुनै व्यक्तिले यस ऐन वखिलाप कुनै काम गरेको छ वा गर्न लागेको छ भनी शङ्का गर्नु पर्ने पर्याप्त कारण र आधार भएमा अनुसन्धान अधिकारीको आदेशले त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम पक्राउ परेको व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

११च. हिरासतमा राख्नेः यस ऐन अन्तर्गत पक्राउ परेको व्यक्तिलाई जाँचबुझ र अनुसन्धान गर्ने सिलसिलामा मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिई एक पटकमा सात दिनमा नबढाई बढीमा तीस दिनसम्म हिरासतमा राख्न सकिनेछ ।

११छ. गोप्यता भङ्ग गर्न नहुनेः अनुसन्धान अधिकारी वा निज मातहतका कर्मचारीले यस ऐन अन्तर्गतको काम कारवाही गर्दा आफ्नो ओहदाको हैसियतले ज्ञात हुन आएको कुनै कुरा वा दाखिल भएका लिखतको गोप्यता प्रचलित कानूनले बाध्य गरेको अवस्थामा बाहेक अन्य अवस्थामा भङ्ग गर्नु हुँदैन ।

तर त्यस्तो कुरा वा लिखत अन्य मुद्दा मामिलाको निमित्त आवश्यक वा प्रमाण लाग्ने किसिमको छ भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा निजको आदेशबाट कानूनद्वारा अधिकृत व्यक्तिका समक्ष त्यस्तो कुरा वा त्यस्तो लिखतको गोप्यतासम्बन्धी कुरा व्यक्त गरेमा गोप्यता भङ्ग गरेको मानिनेछैन ।

११ज. कब्जा गरिएको विदेशी विनिमय तथा लिखत सुरक्षित राख्नु पर्नेः अनुसन्धान अधिकारीले यस ऐन बमोजिम कब्जा गरिएको विदेशी विनिमय तथा सोसंग सम्बन्धित लिखत सुरक्षित राख्नु पर्नेछ ।

११झ. कब्जा गरेको निस्सा दिनु पर्नेः यस ऐन बमोजिम कुनै विदेशी विनिमय वा सोसंग सम्बन्धित लिखत कब्जा गर्दा त्यसरी कब्जा गरिएको विदेशी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

650

विनिमय तथा सोसंग सम्बन्धित लिखतको विवरण खोली त्यसको निस्सा सम्बन्धित व्यक्तिलाई तत्कालै दिनु पर्नेछ ।

११ञ. प्रतिवेदन पेश गर्ने: यस ऐन बमोजिम अनुसन्धान अधिकारीले आफूले गरेको काम कारवाहीको प्रतिवेदन श्री ५ को सरकार समक्ष प्रत्येक महिनामा पेश गर्नु पर्नेछ ।"

१३. मूल ऐनको दफा १६ मा संशोधन: मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः–

"१६. खाता खोल्दा बैंकको स्वीकृति लिनुपर्ने: (१) नेपालमा बसोबास गर्ने कुनै पनि नेपाली नागरिक वा नेपालमा दर्ता भएको कुनै कम्पनी, संगठित संस्था वा फर्मले विदेशस्थित बैंकमा खाता खोल्दा बैंकको स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खाता खोल्ने स्वीकृति दिंदा बैंकले आवश्यक विवरणहरू माग गर्न तथा शर्तहरू समेत तोक्न सक्नेछ ।"

१४. मूल ऐनको दफा १७ मा संशोधन: मूल ऐनको दफा १७ को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) यो ऐन वा यस ऐन अन्तर्गतको नियम, विनियम वा आदेश वा निर्देश वा सूचनाको कुनै कुराको विपरीत कुनै व्यक्तिले कुनै काम गरेमा सो काम गरे वापत भएका कसूरसंग सम्बन्धित विदेशी विनिमय जफत गरी त्यस्तो व्यक्तिलाई बिगो बमोजिम जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११छ. विपरीत गोप्यता भङ्ग गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा दुई हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।"

१५. मूल ऐनको दफा १८ मा संशोधन: मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ :–

"१८. मुद्दा हेर्ने अधिकारी र पुनरावेदन: (१) यस ऐन अन्तर्गतको कसूरसम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार तोकिएको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अदालतले गरेको फैसला उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

659

१६. मूल ऐनमा दफा १८.क र १८ख. थप: मूल ऐनको दफा १८ पछि देहायका दफा १८क. र १८ख. थपिएका छन्:–

"१८क. मुद्दा दायर गर्ने: (१) यस ऐन अन्तर्गतको कसूरसम्बन्धी मुद्दा अनुसन्धान अधिकारीले श्री ५ को सरकारको नामबाट दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा अनुसन्धान अधिकारीले सरकारी वकिलको राय लिनु पर्नेछ ।

१८ख. ट्राभलर्स चेकको प्रतिलिपि प्रमाणित गराउने: (१) यस ऐन अन्तर्गतको कसूरको सिलसिलामा कब्जामा लिइएको ट्राभलर्स चेकलाई अनुसन्धान अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरी त्यस्तो ट्राभलर्स चेकको प्रतिलिपि वा फोटोकपी बनाई मुद्दा हेर्ने अधिकारीबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम प्रमाणित गराई राखेको ट्राभलर्स चेकको प्रतिलिपि वा फोटोकपीलाई यस ऐन अन्तर्गतको कसूरसम्बन्धी मुद्दामा प्रमाणमा लिन सकिनेछ ।"

१७. मूल ऐनको दफा २० मा संशोधन: मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएको छ:–

"२०. खबर गरेमा इनाम दिने: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, विनियम, आदेश, सूचना, निर्देश, इजाजत वा इजाजतपत्रको विपरीत विदेशी विनिमयसम्बन्धी अपराध गरेको कुराको सुराक कुनै व्यक्तिले श्री ५ को सरकार वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकारी समक्ष दिई त्यसरी दिएको सुराकको आधारमा विदेशी विनिमय पक्राउ भई अपराध प्रमाणित हुन आएमा त्यसरी पक्राउ भई आएको विदेशी मुद्रालाई नेपाली मुद्रामा परिणत गर्दा कायम हुन आएको बिगोको सयकडा बीस प्रतिशत त्यस्तो सुराक दिने व्यक्तिलाई इनाम दिइनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने इनामको रकम मुद्दाको अन्तिम टुंगो लागेपछि पक्राउ भएको विदेशी मुद्रालाई नेपाली मुद्रामा परिणत गरी हुन आउने रकमबाट दिइनेछ ।"

लालमोहर सदर मिति:– २०४४।७।१।१

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

652